# नेपालमा संघीय संसदको अभ्यास



**गोपालनाथ योगी** [*]

**सारांश**

नेपालको संविधानले नेपाललाई एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा परिभाषित गरेको छ । सोही संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था तथा धारा ८३ ले प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिकाको व्यवस्था गरेको छ, जसलाई संघीय संसद भनिन्छ । नेपालको संविधान नेपालको संवैधानिक इतिहासमा हालसम्मकै प्रगतिशील संविधानको रूपमा लिने गरिन्छ । फलस्वरूप युवा सहभागिता र अधिकार बारेमा नेपालको संविधानले अंगीकार गरेको व्यवस्थालाई पहिचान गर्दै नेपालले 'फ्युचर पोलिसी सिल्भर अवार्ड २०१९' समेत प्राप्त गरेको छ । यो संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समावेशी र समानुपातिक सिद्धान्तलाई अबलम्वन गरेको छ । यसैगरी मानव अधिकारको विश्वव्यापी मान्यता अनुसार नागरिक तथा राजनीतिक अधिकारको साथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई पनि मौलिक हकको रूपमा महत्वपूर्ण स्थान दिएको छ ।नेपालको संविधानमा समावेशीता तथा महिला अधिकारको सवाल धेरै महत्वको साथ समेटिएको छ संविधानमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नका लागि संघीय संसदले आफ्ना दुई सदन अन्तर्गतका समितिहरू मार्फत सक्रियताका साथ कार्य गर्दै आएको छ । यसैले संघीय संसदको गठन भएपश्चात कानून निर्माण, प्रदेश सभासँगको अन्तरसम्बन्ध, अन्तराष्ट्रिय सम्बन्ध जस्ता विषयहरूमा संघीय संसदले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । यी कार्य नै संविधान कार्यान्वयनका लागि संघीय संसदले खेलेको महत्वपूर्ण भूमिका हो ।

## पृष्ठभूमि

ऐतिहासिक संविधान सभाले नेपालमा वि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान जारी गऱ्यो । उक्त संविधानले नेपाललाई एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रूपान्तर

---

[*] सचिव, प्रतिनिधि सभा

गऱ्यो । नेपालको संवैधानिक इतिहासमा जनताले आफ्नो प्रतिनिधिमार्फत आफ्नो संविधान लेख्न पाएको यो पहिलो पटक हो । यस संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता आत्मसात् गर्दै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, सक्षम तथा निष्पक्ष न्यायपालिका र कानूनी राज्यको अवधारणा सहितको लोकतान्त्रिक मूल्य र मान्यतालाई अंगीकार गरेको छ । नेपालको संविधानले मानव अधिकारको विश्वव्यापी मान्यता अनुसार नागरिक तथा राजनीतिक अधिकारको साथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई पनि मौलिक हकको रूपमा महत्वपूर्ण स्थान दिएको छ ।

नेपालको संवैधानिक इतिहासमा यो संविधान हालसम्मकै प्रगतिशिल संविधान भन्न सकिन्छ । जुन संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समावेशी र समानुपातिक सिद्धान्तलाई अबलम्वन गरेको छ । उक्त संविधानमा रहेका संवैधानिक व्यवस्था बमोजिम वि. सं. २०७४ साल मंसिर १० र २१ गते गरी दुई चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भयो र वि. सं. २०७४ साल माघ २४ गते राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भयो । निर्वाचनपश्चात् वि. सं. २०७४ फाल्गुन २१ गते संघीय संसदको पहिलो अधिवेशन बस्यो । यस अधिवेशनले संघीय संसदको नेतृत्व गर्नको लागि प्रतिनिधि सभाको सभामुख पदमा माननीय श्री कृष्ण बहादुर महरा र उपसभामुख पदमा माननीय डा. शिवमाया तुम्बाहाङफेलाई निर्वाचित गऱ्यो भने राष्ट्रिय सभाको अध्यक्ष पदमा माननीय श्री गणेश प्रसाद तिमिल्सिना र उपाध्यक्ष पदमा माननीय श्री शशिकला दाहाललाई निर्वाचित गऱ्यो ।

संघीय संसदले पहिलो अधिवेशनदेखि चौथो अधिवेशनसम्म आइपुग्दा संविधानले व्यवस्था गरेको आफ्नो नियमित कामसँगै संविधान कार्यान्वयनसँग सम्बन्धित विषयमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । जुन देहाय बमोजिम छन् :-

## कानून निर्माण

राज्यका कामकारवाहीबाट नागरिक अधिकारको कटौती हुन नसकोस् भनी संविधानद्वारा नै केही हक निर्दिष्ट गरिएको हुन्छ, जसलाई मौलिक हक भनिन्छ । राज्यको विरूद्ध नागरिकलाई प्राप्त हुने हक भएकोले यसलाई Negative Rights पनि भनिन्छ । मौलिक हक मानिसलाई मानिसको रूपमा बाँच्न आवश्यक पर्ने अधिकारबाट विकसित भएको पाइन्छ । मौलिक हकको हनन् भएमा संविधानमा नै उपचारको व्यवस्था गरिएको हुन्छ । मौलिक हक भनेको राज्यको क्षमता र चाहना बमोजिम उपलब्ध गराइने भएकोले राष्ट्र पिच्छे फरक-फरक हुन्छन् ।

नेपालको संविधानको भाग ३ को धारा १६ देखि ४६ सम्म सम्मानपूर्ण बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरूद्धको हक, निवारक नजरबन्द विरूद्धको हक, छुवाछुत तथा भेदभाव विरूद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरूद्धको हक,

स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरूद्धको हक र संवैधानिक उपचारको हक सहित कूल ३१ वटा मौलिक हकहरूको व्यवस्था गरिएको छ ।

संविधानको धारा १३३ र १४४ मा नागरिकको संवैधानिक उपचारको हकको बारेमा उल्लेख गरिएको छ, जस अन्तर्गत माथि उल्लेख गरिएका मौलिक हकको विरूद्धमा कसैले कुनै अनुचित बन्देज लगाएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून र त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुन्छ । त्यस्तै कुनै सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न, उचित उपचार प्रदान गर्न, त्यस्तो हकको प्रचलन गराउन वा विवाद टुङ्गो लगाउनका लागि असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्दछ ।

नेपालको संवैधानिक व्यवस्थालाई मध्यनजर गर्दै संघीय संसदले संघीय संसदको पहिलो अधिवेशनदेखि चौथो अधिवेशनसम्म आइपुग्दा जम्मा ५४ वटा विधेयक पारित गरेको छ । जुन मध्ये नेपालको संविधानको धारा ४७ मा रहेको मौलिक हकको कार्यान्वयन सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न संघीय संसदले संविधानले तोकेको समयावधिभित्र १६ वटा विधेयकहरू पारित गरेको छ । ती विधेयकहरू संविधानको कार्यान्वयनका दृष्टिकोणले निकै महत्वपूर्ण मानिएको छ, जुन विधेयकहरू देहाय बमोजिम रहेका छन्ः

१. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी विधेयक, २०७५
२. अपराध पीडित संरक्षण विधेयक, २०७५
३. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५
४. आवासको अधिकार सम्बन्धी विधेयक, २०७५
५. उपभोक्ता संरक्षण विधेयक, २०७५
६. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी विधेयक, २०७५
७. जनस्वास्थ्य सेवा विधेयक, २०७५
८. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय)) (पहिलो संशोधन) विधेयक, २०७५

९. बालबालिका सम्बन्धी विधेयक, २०७५
१०. भूमि सम्बन्धी (सातौं संशोधन) विधेयक, २०७५
११. रोजगारीको हक सम्बन्धी विधेयक, २०७५
१२. वातावरण संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५
१३. वैयक्तिक गोपनियता सम्बन्धी विधेयक, २०७५
१४. सामाजिक सुरक्षा विधेयक, २०७५
१५. सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५
१६. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार विधेयक, २०७५

यसैगरी कानून निर्माण प्रक्रियामा नेपालको संविधानको धारा ३०४ बमोजिम नेपालको संविधानसँग बाझिएका ऐनहरूलाई संवैधानिक समयसीमाभित्र संशोधन र खारेजको माध्यमबाट नेपालको संविधान अनुकूल हुनेगरी विधेयकहरू पारित गरिएको छ, जसमा केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ र नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७५ रहेका छन् ।

**संघीय संसद र प्रदेश सभाबीचको अन्तरसम्बन्ध**

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । नेपालको संविधानको कार्यान्वयन हुने क्रममा वि.सं. २०७४ साल मंसिर १० र २१ गते सम्पन्न प्रदेश सभाको निर्वाचनपश्चात् नेपालमा ७ वटा प्रदेश सभाहरू गठन भएका छन् । यसरी गठन भएका प्रदेश सभाहरू नेपालको इतिहासमा नयाँ हुन् । यी प्रदेश सभाहरूलाई सक्षम र सबल बनाउन संघीय संसदले अभिभावकको भूमिका निर्वाह गर्नुपर्दछ भन्ने कर्तव्य महसुस गरी संघीय संसदले संसदीय प्रक्रिया, अभ्यास र अनुभवको बारेमा प्रदेश सभाहरूसँग अन्तरक्रिया गर्दै आइरहेको छ । प्रदेश सभाहरू गठन भएपश्चात् संघीय संसदले प्रदेश सभाहरूसँग गरेका क्रियाकलापहरू देहाय बमोजिम रहेका छन् :

संघीय संसदको आयोजनामा संघीय संसदका सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष, माननीय उपसभामुख र माननीय उपाध्यक्ष तथा सातवटा प्रदेशका माननीय सभामुख र उपसभामुखबीच संसदीय अभ्यास र अनुभव आदानप्रदान गर्ने उद्देश्यले वि.सं. २०७५ साल भाद्र ३ गते चन्द्रागिरी हिल्स, चन्द्रागिरी, काठमाडौंमा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन भएको थियो । यस कार्यक्रमबाट तपसिल बमोजिमका निष्कर्ष निकालिएको थियो :

१. प्रदेश सभामा कर्मचारीको पर्याप्त दरवन्दी र अनुभवी कर्मचारी नभएको । भएका कर्मचारीहरूबाट पनि प्रोत्साहन भत्ताको अभावमा चाहे जति काम लिन नसकिएको ।
२. प्रदेश सभाको बैठक कक्ष, समिति सभाहल, सचिवालय र संसदीय दलका लागि उपयुक्त पूर्वाधार नभएको ।

३. जनप्रतिनिधिको सम्मानजनक मर्यादाक्रम र सेवा सुविधा नभएको । विशेषगरी प्रदेश उपसभामुखलाई प्रदेश राज्यमन्त्रीभन्दा तल्लो मर्यादाक्रममा राखिएको ।

४. मौलिक अधिकार, संविधानमा उल्लेखित साझा अधिकार सूची लगायका विषयमा संघीय संसदबाट कानून पारित हुन भएको ढिलाइका कारण प्रदेश सभाले आफ्नो अधिकारक्षेत्रको कानून बनाउन नपाएको ।

५. प्रदेश सभाहरूमा अधिकांश सदस्यसंग संसदीय अनुभवको अभाव भएको । संसदीय अभ्यास, कानून निर्माणको प्रक्रिया लगायतका विषयमा तालिम र क्षमता अभिवृद्धिका कार्यक्रम आवश्यक रहेको ।

सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष, माननीय उपसभामुख, माननीय उपाध्यक्ष, प्रदेश सभाका माननीय सभामुखहरू र उपसभामुखहरूको टोलीले भाद्र ३ गते सम्माननीय प्रधानमन्त्रीज्यू र भाद्र ४ गते सम्माननीय राष्ट्रपतिज्यूलाई भेट गरी अन्तरक्रिया कार्यक्रमको निष्कर्ष पेश गरिएको थियो । सम्माननीय राष्ट्रपतिज्यू र सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस्ता कार्यक्रमहरू निरन्तर गर्दा राम्रो हुने निर्देशन प्राप्त भएको थियो ।

प्रदेश सभाको तर्फबाट बन्नुपर्ने कानूनहरू निर्माण गर्ने र सभाको कामकारवाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले प्रदेश सभा प्रदेश नं. ३ ले वि.सं. २०७५ साल मंसिर २९ गते चितवनमा आयोजना गरेको "अन्तरप्रदेश सभा अनुभव आदानप्रदान कार्यक्रम" मा संघीय संसदका सम्माननीय सभामुख, सम्माननीय अध्यक्ष, माननीय उपसभामुख र माननीय उपाध्यक्षको सहभागिता भई आफ्नो मन्तव्य तथा अनुभव प्रस्तुत गर्ने कार्य भएको थियो ।यस कार्यक्रमबाट तपसिल बमोजिमका निष्कर्ष निकालिएको थियो:

१. अन्तरप्रदेश सभा अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिने ।

२. संघीय संसद र प्रदेश सभाहरूकाबीचमा समन्वय गर्न अन्तरप्रदेश सभा समन्वय परिषद् गठनका लागि पहल गर्ने ।

३. नेपाल सरकारको विद्यमान मर्यादाक्रममा संशोधन गरी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको स्थानलाई परिमार्जन गर्न पहल गर्ने ।

४. सातै प्रदेशमा आधुनिक प्रविधियुक्त प्रदेश सभा हल सहितको सचिवालय भवन तथा अन्य पूर्वाधार निर्माणमा पहल गर्ने ।

५. संविधानको अनुसूचीमा व्यवस्था भएको साझा अधिकारको सूची अन्तर्गतका संघीय कानूनहरू निर्माणका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।

६. संसदीय अभ्यास, विधि निर्माण र विधेयकमाथिको छलफल प्रक्रियाका बारेमा प्रदेश सभा सदस्य तथा कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण दिने व्यवस्था गर्ने ।

७. संघीय संसद तथा प्रदेश सभाबीच सम्पर्क तथा समन्वय गर्न प्रदेश सभाका पदाधिकारीहरूका लागि संघीय राजधानी काठमाडौंमा सम्पर्क कार्यालय स्थापना गर्न पहल गर्ने ।

२०७६ साल भाद्र ३ गते सातै प्रदेशका माननीय उपसभामुखको भिडियो सम्मेलन सम्पन्न भयो । सो सम्मेलनमा उपसभामुखको भूमिका प्रभावकारी बनाउने लगायत सातै प्रदेशमा देखिएका समस्याहरू र सबल पक्षका बारेमा संघीय संसदका माननीय उपसभामुख, राष्ट्रिय सभाका माननीय उपाध्यक्ष र सातै प्रदेशका माननीय उपसभामुखहरूबीच छलफल तथा अन्तरक्रिया भएको थियो ।

**संघीय संसद र अन्तर्राष्ट्रिय सम्बन्ध**

विभिन्न राष्ट्रका संसदहरूबीच प्रत्यक्ष सम्पर्क बढाई पारस्परिक मैत्री तथा समझदारीमा अभिवृद्धि गर्दै आपसी मित्रता स्थापित गर्न तथा अन्तर्राष्ट्रियस्तरमा नेपालको संसदीय सहभागितालाई अझ बढी प्रभावकारी बनाउन संघीय संसदको संयुक्त बैठक तथा संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ३८ बमोजिम "संसदीयमैत्री समूह, नेपालको कार्यविधि, २०७५" बनाइएको छ । संघीय संसदले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका लागि ३३ वटा देशका संसदसँग संसदीयमैत्री समूह गठन गरिएको छ । यस्ता संसदीयमैत्री समूहले आफ्नो देशको संसदीय प्रक्रिया, अभ्यास र अनुभव आदानप्रदान गर्ने काम गरिरहेका छन् ।

संघीय संसद अन्तर-व्यवस्थापिका संघको सदस्य रहेको छ । संघीय संसदले अन्तर-व्यवस्थापिका संघले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा भाग लिने गरेको छ । यसै वर्ष २०१९ अप्रिल ६ देखि १० सम्म कतारको दोहामा आयोजित १४० औं अन्तर-व्यवस्थापिका संघको सभामा तत्कालीन सम्माननीय सभामुख कृष्ण बहादुर महराको नेतृत्वमा र २०१९ अक्टोवर १३ देखि १७ सम्म सर्वियाको बेलग्रेडमा आयोजित अन्तर-व्यवस्थापिका संघको १४१ औं सभामा राष्ट्रिय सभाका अध्यक्षको नेतृत्वमा रहेको टोलीले भाग लिएको थियो ।

संघीय संसदले बहुपक्षीय, द्विपक्षीय र विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा भाग लिने गरेको छ, जसले गर्दा संघीय संसदको सम्बन्ध अन्तराष्ट्रियस्तरमा बलियो हुँदै गइरहेको छ भने अन्तर्राष्ट्रिय रूपमा संसदीय प्रक्रिया, अभ्यास र अनुभवको आदानप्रदान गर्ने अवसर समेत प्राप्त भएको छ । संघीय संसदको गठनपश्चात् तत्कालीन सम्माननीय सभामुखको नेतृत्वको टोलीले “4th China Tibet Tourism and Cultural Expo” ल्हासा, चीन र “4th Meeting of Speakers of Eurasian Parliaments” कजाकिस्तान र सम्माननीय अध्यक्षको नेतृत्व टोलीले “Program For Eminent South Asian Dignitaries” कार्यक्रमहरूमा भाग लिएको थियो । यसैगरी उपसभामुखको नेतृत्व टोलीले “Women MPS of The World Conference” लण्डन, बेलायत, “Regional OGP/Open Parliament Round Table” वाली, इण्डोनेसिया र "World Leadership Forum” वाशिङ्टन डि.सी, संयुक्तराज्य अमेरिकामा भाग लिएको थियो भने विभिन्न समयमा प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरू, संघीय

संसद सचिवालयबाट कर्मचारीहरूले पनि विभिन्न अन्तर्राष्ट्रिय स्तरमा भ्रमण गरी अन्तराष्ट्रिय सम्बन्धलाई मजबुत बनाउन योगदान पु¥याएको देखिन्छ ।

**संसदीय समितिका गतिविधि**

नेपाल सरकारलाई संघीय संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय, सल्लाह दिन नेपालको संविधानको धारा ९७, प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका नियमावली बमोजिम प्रतिनिधि सभामा १० र राष्ट्रिय सभामा ४ वटा विषयगत समितिहरू गठन भएका छन् । यसैगरी नेपालको संविधानको धारा २९२ बमोजिम संसदीय सुनुवाइ समिति र धारा ५४ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति गरी दुईवटा संयुक्त समिति गठन भएका छन् ।

संघीय संसदमा रहेका १६ वटा समितिहरू गठन भएपश्चात् आ-आफ्नो निर्दिष्ट काम, कर्तव्य र अधिकारप्रति जिम्मेवार रही वि.सं. २०७६ साल कार्तिक मसान्तसम्म आइपुग्दा संघीय संसदका १६ वटा समितिहरूले आफ्नो कार्यसम्पादनको क्रममा वि.सं. २०७६ साल साउन मसान्तसम्म बसेका बैठक र समितिहरूका निर्देशनहरूको संख्या तपसिल बमोजिम रहेका छन् :

**तालिका १**

| क्र.सं. | प्रतिनिधि सभा अन्तर्गतका समितिहरू | बैठक संख्या | निर्देशन संख्या |
|---|---|---|---|
| १ | अर्थ समिति | ६५ | ४७ |
| २ | अन्तर्राष्ट्रिय सम्बन्ध समिति | ३१ | ८२ |
| ३ | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति | ७४ | २७ |
| ४ | कानून, न्याय तथा मानव अधिकार समिति | ३१ | ४ |
| ५ | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति | ९९ | ११ |
| ६ | महिला तथा सामाजिक समिति | ३७ | ४५ |
| ७ | राज्य व्यवस्था तथा सुशासन समिति | १५४ | १०६ |
| ८ | विकास तथा प्रविधि समिति | ५९ | १४८ |
| ९ | शिक्षा तथा स्वास्थ्य समिति | ६० | १२ |
| १० | सार्वजनिक लेखा समिति | ३८ | ९२ |

स्रोतः सम्बन्धित समितिका सचिवालयहरू

तालिका २

| क्र.सं. | राष्ट्रिय सभा अन्तर्गतका समितिहरू | बैठक संख्या | निर्देशन संख्या |
|---|---|---|---|
| १ | दिगो विकास तथा सुशासन समिति | ४१ | २५ |
| २ | विधायन व्यवस्थापन समिति | १७८ | ० |
| ३ | प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति | ४५ | २१ |
| ४ | राष्ट्रिय सरोकार तथा समन्वय समिति | ४५ | ४२ |

स्रोतः सम्बन्धित समितिका सचिवालयहरू

तालिका ३

| क्र.सं. | संघीय संसदको संयुक्त समितिहरू | बैठक संख्या | निर्देशन संख्या |
|---|---|---|---|
| १ | ससदीय सुनुवाइ समिति | ५१ | ४ |
| २ | राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति | १८ | ० |

स्रोतः सम्बन्धित समितिका सचिवालयहरू

**संसदीय सुनुवाइ**

नेपालको संविधानको धारा २९२ (१) बमोजिम संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी, न्याय परिषदको सिफारिसमा नियुक्त हुने सर्वोच्च अदालतका न्यायाधीश तथा न्याय परिषदका सदस्य र राजदूतको पदमा नियुक्ति हुनु अघि संघीय कानून बमोजिम संसदीय सुनुवाइ हुने व्यवस्था गरिएको छ ।सो व्यवस्था बमोजिम संघीय संसदको संसदीय सुनुवाइ समितिले गरेका सुनुवाइ सम्बन्धी कार्यहरू निम्न बमोजिम रहेका छन् :

- हालसम्म २९ वटा संसदीय सुनुवाइ (प्रधान न्यायाधीश-३, सर्वोच्च अदालतका न्यायाधीश-४, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी- ८, राजदूत-१३ र स्थायी प्रतिनिधि-१) सम्पन्न भइसकेको छ ।
- संसदीय *सुनुवाइ* समितिले प्रधानन्यायाधीशमा सिफारिश भएका वरिष्ठतम् न्यायाधीश *दीपकराज* जोशीलाई २०७५/०४/२० गते अस्वीकृत गर्ने निर्णय गऱ्यो ।
- श्री समिम मियाँ अन्सारीको संसदीय सुनुवाइको क्रममा म्याद गुज्रिएकोले मुस्लिम आयोगको अध्यक्षको पदमा नियुक्तिको बाटो खोलिएको हो । संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (१) बमोजिम प्राप्त नामावलीमाथि समितिले सम्बन्धित निकायबाट पत्र प्राप्त भएको मितिले

पैंतालीस दिनभित्र सुनुवाइ गरी सम्बन्धित निकायमा आफ्नो निर्णय उपलब्ध गराउन नसकेमा सुनुवाइका लागि पठाइएको पदमा नियुक्तिका लागि कुनै बाधा नपुग्ने व्यवस्था गरिएको छ ।

## निष्कर्ष

वि.सं. २००७ सालदेखि संविधान सभाद्वारा संविधान बनाउनु पर्दछ भन्ने आवाजले ६५ वर्षपछि मात्रै मूर्तरूप लियो र ऐतिहासिक संविधान सभाद्वारा नेपालको संविधान वि.सं. २०७२ साल असोज ३ गते जारी गरियो । नेपालको संवैधानिक इतिहासमा यो संविधानमा विगतका संविधानहरूभन्दा फरक विशेषताहरू रहेका छन् । यो संविधानले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा परिभाषित गरेको छ । संविधानमा भएका व्यवस्थाहरूलाई प्रभावकारी कार्यान्वयनबाट मात्रै हामी नेपालको संविधानले आत्मसात् गरेका प्रावधानहरूलाई व्यवहारमा लागू गर्न सक्दछौं र आम नेपाली नागरिकहरूलाई संविधानले व्यवस्था गरे बमोजिम अधिकार सम्पन्न गराउन सक्दछौं । त्यसैले यो संघीयता र संविधान कार्यान्वयनका लागि राज्यका सबै अङ्गले महत्वपूर्ण भूमिका निर्वाह गर्नु अहिले सबैभन्दा बढी आवश्यकता रहेको देखिन्छ । यसमा संघीय संसदको अभ्यासले महत्वपूर्ण भूमिका खेलेको छ ।

## सन्दर्भ सामाग्री


१. नेपालको संविधान. (२०७२), कानून किताब व्यवस्था समिति, काठमाडौं ।
२. प्रतिनिधि सभा नियमावली, २०७५, संघीय संसद सचिवालय ।
३. राष्ट्रिय सभा नियमावली, २०७५, संघीय संसद सचिवालय ।
४. संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५, संघीय संसद सचिवालय ।
५. संसदीय मैत्री समूह, नेपालको कार्यविधि, २०७५, संघीय संसद सचिवालय ।
६. अधिवक्ता सुधा काफ्ले, (२०७४), हाम्रो नीति : नेपालको संविधानमा समावेश भएका अधिकार सम्बन्धी विषयवस्तुहरू, एक्सन एड नेपाल ।